# प्रेस विज्ञप्ती

**मंसिर २०, २०७९**

## सिद्धार्थ बैंकद्वारा १३.१६ प्रतिशतको लाभांश घोषणा

मिति २०७९ मंसिर २० गते बसेको बैंक संचालक समितिको ४०२औं बैठकले आ.व. २०७८/७९ को वितरणयोग्य मुनाफाबाट बैंकका शेयरधनीहरुलाई १२.५० प्रतिशत बोनस शेयर र ०.६६ प्रतिशत नगद लाभांश (बोनस शेयर कर प्रयोजनका लागि मात्र) गरी कुल १३.१६ प्रतिशतको लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ । बैंकको हाल कायम रहेको चुक्ता पूँजी रु. १२,५२,४४,२६,८३१/- (अक्षरेपी बाह्र अर्ब बाउन्न करोड चौवालीस लाख छब्बीस हजार आठ सय एकतीस रुपैयाँ मात्र) मा १२.५० प्रतिशत बराबरको रु १,५६,५५,५३,३५४/- (अक्षरेपी एक अर्ब छपन्न करोड पचपन्न लाख त्रिपन्न हजार तीन सय चौवन्न रुपैयाँ मात्र) बोनस शेयर तथा ०.६६ प्रतिशत बराबरको रु. ८,२३,९७,५४५/- (अक्षरेपी आठ करोड तेईस लाख सन्तानब्बे हजार पाँच सय पैतालीस रुपैयाँ मात्र) नगद लाभांश प्रस्ताव गरेको हो । उक्त लाभांश नेपाल राष्ट्र बैंकबाट स्वीकृत भए पश्चात् तथा बैंकको आगामी साधारण सभाबाट पारित भएपछि मात्र वितरण गरिनेछ ।

निरन्तर उल्लेख्य प्रगति गरी शेयरधनीहरुलाई आकर्षक प्रतिफल प्रदान गर्दै आएको यस बैंकको आ.व. २०७९/८० को पहिलो त्रैमासमा वर्तमान विषम बजार अवस्थाका कारण साँवा तथा ब्याज रकम असुलीमा देखिएको कठिनाईलाई मध्यनजर गरी केहि कर्जाहरुमा बैंकले डायनामिक कर्जा नोक्सानी व्यवस्था गरेको कारण यस बैंकको नाफामा देखा परेको केहि संकुचन त्यस्ता कर्जाहरुबाट बैंकले उल्लेख्य रुपमा बक्यौता रकम असुली गरी सकेको हुँदा दोस्रो त्रैमासमा बैंकको समग्र वित्तिय अवस्थामा सन्तोषजनक सुधार आउने बैंकले विश्वास लिएको छ ।

सिद्धार्थ बैंकले हाल देशभर १९३ वटा शाखा (४ एक्स्टेन्सन् काउन्टर सहित), ११८ शाखारहित बैंकिङ्ग, २१५ ATM, १,७०० भन्दा बढी पिओएस् मेसिन र २०,००० भन्दा बढी QR मर्चेन्ट मार्फत् उच्चस्तरिय बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ । साथै, बैंकले आफ्नो सेवा सञ्चालनमा डिजिटल माध्यमलाई अधिकतम महत्व दिदै सुरक्षित तरिकाले अनलाईनबाटै बचत, मुद्दती र डिम्याट खाता खोल्न सकिने, डेबिट र क्रेडिट कार्डका लागि आवेदन दिन सकिने जस्ता विभिन्न डिजिटल बैंकिङ्ग सुविधाहरु आफ्नो वेबसाइटमा रहेको EasyBank Portal मार्फत समेत प्रदान गर्दै आएको छ ।